"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७६/०७७

चलानी नं. : १३८४

मिति: २०७६।११।०४

विषयः तालिम सम्वन्धमा ।

श्री सरोकारवालाहरु सवै

नमोवुद्ध न.पा. भकुण्डेवेशी , काभ्रेपलाञ्चोक ।

प्रस्तुत विषयमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र वाग्मती प्रदेश हेटौंडाको च.नं. १३४ मितिः२०७६।११।०१ को पत्रानुसार ३ महिने ३९० कार्य घण्टाको महिला सीप विकास कुक तालिमका लागि यस नगरपालिकालाई २ जना सहभागिताका लागि कोटा निर्धारण भई अएकाले पत्रसाथ संलग्न प्रशिक्षार्थीको योग्यता र सेवा सुविधा अध्ययन गरी यस कार्यालयमा २०७६।११।११ गते भित्र सम्वन्धित वडाकोको सिफारिस सहित निवेदन पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ ।

७६।११।०४

.............................

जनार्दन रिजाल

उपसचिव

जनार्दन रिजाल

उप सचिव

URL: www.namobuddhamun.gov.np, Email: namobuddhamun@gmail.com, Fax: 011-404031

Facebook Page: www.fb.com/hellonamobuddhamun

नेपाल सरकार
सामाजिक विकास मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
बागमती प्रदेश, मकवानपुर ,हेटौडा ,नेपाल

मितिः २०७६/११/१

पत्र संख्याः २०७६/०७७
चलानी नं.

## महिला लक्षित कुक सीप विकास तालिममा सहभागी प्रशिक्षार्थीहरुले पालना गर्नुपर्ने शर्त एवं सुविधाहरु

तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई तालिम अवधि भर अर्थ मन्त्रालयको खर्चको मापदण्ड अनुसार खाने
१ वस्ने खर्च वापत मासिक रुपमा रु. ८४००।०० (आठ हजार चार संय मात्र) नियम अनुसार कर कट्टा
गरि बांकी रकम नगदै उपलब्ध हुनेछ ।
२ प्रशिक्षार्थीहरुलाई मात्र एक पटक आ-आफनो जिल्ला सदरमुकामबाट तालिम स्थलसम्म आउन जान लाग्ने
परिवहन खर्च तालिम सम्पन्न भएपछि मात्र उपलब्ध गराईनेछ ।
३ प्रशिक्षार्थीहरु आर्थिक रुपमा गरिव, विपन्न, दलित, जनजाती, पिछडीएको समुदाय व्यक्तिलाई प्राथमीकता
दिइनेछ ।
४ प्रशिक्षार्थी अनिवार्य रुपमा ८ कक्षा उतिर्ण भई नेपाली नागरिक हुनु पर्नेछ ।
५ प्रशिक्षार्थीको उमेर केश श्रृंगार (व्युटीपार्लर) तालिम को हकमा १८ वर्ष देखि ४० वर्षको हुनु पर्नेछ अन्य
तालिममा १६ वर्ष देखी ४० वर्ष भित्रको हुनु पर्नेछ ।
६ घरमूली, गर्भवती र दुधखाने बच्चाको आमालाई तालिममा समावेश गराईने छैन र अविवाहित र एकल
महिलालाई वढी प्राथमिकता दिईनेछ ।
७ प्रशिक्षार्थीहरु तालिममा सहभागी हुन आउदा सम्वन्धित गाउंपालिका/नगरपालीका/उपमहानगरपालीका/
महानगरपालीका कार्यालयको सिफारिसमा, अभिभावकको मन्जुरीनामा, नागरिकता र ३ प्रती पासपोर्ट
साईजको फोटो लिइ आउनु पर्नेछ ।
८ तालिम अवधिसम्म प्रशिक्षार्थीहरु अनुशासित भएर वस्नु पर्नेछ र अनुशासनहिन प्रशिक्षार्थीलाई कुनै
पनि वेला निष्कासित गर्न सकिनेछ ।
९ तालिम अवधिमा कुनै प्रशिक्षार्थीले तालिम कार्यक्रममा समावेश भईसकेपछी कुनै विशेष कारण परी
स्वयंले जान चाहेमा तालिम कार्यक्रमको अवधिभर लाग्न गएको सम्पुर्ण खर्चको क्षतीपुर्ति निजले तिरेर
मात्र जान पाउनेछन ।
१० तालिमका प्रशिक्षार्थीहरुलाई तालिम समाप्त भए पश्चात तह १ को सीप परिक्षण हुनेछ र सम्पुर्ण
प्रशिक्षार्थी उक्त सीप परिक्षणमा अनिवार्य रुपमा सहभागी हुनु पर्नेछ । अन्यथा तालिम प्रमाण पत्र र
सुविधावाट समेत वन्चित गराइनेछ ।

केन्द्र प्रमुख
२०७६/११/१

Phone: 057- 412716, Fax: 057-412724 Email: vsdtchetauda@gmail.com